Nepali - April

आफुलाई पनि सुरक्षित रुपमा घर पुर्याउनुहोस्

# कामदारहरुको क्षतिपूर्ति



## के तपाईंले डेलिभरी गर्दा तपाईं घाइते भएमा तपाईंसँग बिमा छ?

- यदि तपाईं काममा गम्भिर रुपमा घाइते हुनुभयो वा दुखद रुपमा मारिनु भयो भने बिमाले एक सेफ्टी नेटको रुपमा काम गर्छ।
- बिमाको प्रकारको आधारमा, तपाईंले मेडिकल खर्चको लागि पेमेन्ट, गुमाउनु परेको ज्याला र तपाईंलाई काममा फर्कन मदत गर्नको लागि पुनर्स्थापनामा सहायता प्राप्त गर्न सक्नुहुन्छ।

## यदि म काममा घाइते भएँ भने कस्ता प्रकारका बिमाहरु उपलब्ध छन्?

विभिन्न प्रकारका बिमाहरु छन् जसले यदि तपाईं काममा घाइते हुनुभयो वा दुखद रुपमा मारिनु भयो भने तपाईंलाई वा तपाईंको परिवारलाई आर्थिक सहायता र सहायता प्रदान गर्न सक्छ:

- कामदारहरुको क्षतिपूर्ति
- व्यक्तिगत दुर्घटना वा आय सुरक्षा बिमा
- जीवन बिमा।

## कामदारहरुको क्षतिपूर्ति

- कामदारहरुको क्षतिपूर्ति (workers' compensation) रोजगारदाताहरुले उनीहरुको कामदारहरु काममा घाइते भए वा दुखद रुपमा मारिए भने उनीहरुलाई कभर गर्नका लागि भुक्तान गर्छन्।
- यदि दाबि स्वीकृत भयो भने, तपाईंलाई तपाईंले चोटबाट रिकभर हुँदा गुमाउनु परेको आम्दानि, मेडिकल, अस्पताल वा पुनर्स्थापनाको खर्च जस्ता कुराहरुको लागि पेमेन्ट प्रदान गर्न सकिन्छ।
- अष्ट्रेलियामा सामान्यतया स्वतन्त्र कन्ट्राक्टरहरु [सेल्फ-इम्प्लोइड] कामदारहरुको क्षतिपूर्तिद्वारा कभर हुँदैनन।
- धेरैजसो फुड डेलिभरीका कामदारहरुलाई प्लेटफर्मको कर्मचारी नभई स्वतन्त्र कन्ट्राक्टर [सेल्फ-इम्प्लोइड] मानिन्छ। यदि तपाईं निश्चित हुनुहुन्न भने, तपाईंले तपाईंको प्लेटफर्मलाई सम्पर्क गर्नुपर्छ र उनीहरुलाई तपाईंको रोजगारीको स्थिति लिखित रुपमा कन्फर्म गर्न अनुरोध गर्नुपर्छ।

## व्यक्तिगत दुर्घटना बिमा वा आय सुरक्षा बिमा

- केहि डेलिभरी प्लेटफर्महरुले जब तपाईंले प्लेटफर्मसँग साइन अप गर्नुहुन्छ तब व्यक्तिगत दुर्घटना वा आय सुरक्षा बिमा अफर गर्छन्।
- यदि तपाईं त्यो प्लेटफर्मको लागि डेलिभरी पुरा गर्ने क्रममा घाइते हुनुभयो भने यस्तो प्रकारको बिमाले मेडिकल खर्च र गुमाएको आम्दानी कभर गर्न सक्छ।

## यदि मैले काम गर्ने प्लेटफर्मले बिमा कभरेज प्रदान गर्दैन भने?

- यदि तपाईंको प्लेटफर्मले तपाईंलाई कामदारको क्षतिपूर्ति वा अर्को प्रकारको बिमाको लागि कभर गर्दैन भने, तपाईंले आफ्नो व्यक्तिगत दुर्घटना, आय सुरक्षा बिमा वा जीवन बिमा लिने बारे विचार गर्नुपर्छ।

## मसँग बिमा कभरेज छ कि छैन भनेर कसरी थाहा पाउने?

- हामी तपाईंलाई तपाईं आफु काम गर्ने प्लेटफर्मलाई त्यसले व्यक्तिगत दुर्घटना बिमा प्रदान गर्छ कि गर्दैन र त्यसले कभर गर्ने भुक्तानीहरुका प्रकारहरुको बारेमा थाहा पाउन सम्पर्क गर्नु भनेर सुझाव दिन्छौं।
- तपाईं कामदारहरुको क्षतिपूर्तिको लागि योग्य हुनुहुन्छ वा हुनुहुँदैन भनेर थाहा पाउन तपाईंले तपाईंको राज्य वा क्षेत्रको वर्कर्स कम्पेन्सेसन अथोरिटीलाई पनि सम्पर्क गर्न सक्नुहुन्छ।

***यो कामदारहरुको क्षतिपूर्ति सम्बन्धित जानकारीमा सार्वजनिक पहुँच सुधार गर्न प्रदान गरिएको हो र कानुनी सल्लाह बन्न वा कामदारहरुको क्षतिपूर्तिको कानुन अन्तर्गतको आवश्यकताहरुलाई प्रतिस्थापन गर्न लक्षित छैन।***

**तपाईंको स्थानीय WORKERS' COMPENSATION AUTHORITY (कामदार क्षतिपूर्ति निकाय)**

**WORKERS' COMPENSATION (कामदार क्षतिपूर्ति) को बारेमा थप जानकारी**